म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्बृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २२९ २०८० असार २९ गते शुक्रबार 14 July 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

नेपाल विद्युत प्रधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रदेश

ग्राहक वर्गमा हार्दिक अनुरोध

विद्युत सम्बन्धि कुनै पनि गुनासा वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्वर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिचि जानकारी गराउनुहोस हामी तपाईंको समस्या समाधान गर्न सदैव तत्पर रहनेछौं ।

बागमती प्रदेश, प्रदेश डिबिजन कार्यालय
भुटनदेवी हेटौंडा ।

# वनविज्ञान क्याम्पस प्रमुखको राजिनामा माग्दै प्राध्यापकहरु आन्दोलित



*क्याम्पस प्रमुखको राजिनामा माग्दै आन्दोलनमा रहेका प्राध्यापकहरु ।*

समाज संवाददाता

हेटौंडाः त्रिभुवन विश्वविद्यालयअन्तर्गत वनविज्ञान क्याम्पस हेटौंडाका प्राध्यापकहरुले क्याम्पस प्रमुखको राजिनामा माग गरेका छन् । बिहिबार प्राध्यापक संघले क्याम्पस प्रमुखविरुद्ध प्रदर्शन गर्दै राजिनामा माग गरेका हुन् । यसअघि प्राध्यापक संघले क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेका थिए ।

प्राध्यापक, कर्मचारी, विद्यार्थीको मागको सुनुवाई नगरेको, विभागीय प्रमुखहरु असम्बन्धित व्यक्तिलाई नियुक्त गरेको भन्दै प्राध्यापक संघले क्याम्पस प्रमुखको कार्यकक्षमा तालावन्दी गरेका हुन्। सोमबार क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेको प्राध्यापक संघका सभापति डा. सूर्य कुमार महर्जनले जानकारी दिनुभएको छ । प्राध्यापकहरुले क्याम्पस प्रमुखको राजिनामा माग गर्दै कार्यकक्षमै प्लेकार्ड बोकेर प्रदर्शन गरिरहेका छन् ।

विभिन्न चरणमा आफ्ना माग राखे पनि क्याम्पस प्रमुख शिव कुमार रञ्जनले सम्बोधन नगरेपछि क्याम्पस प्रमुखको कार्यकक्षमै तालाबन्दी गर्न बाध्य भएको सभापति महर्जनले दावी गर्नुभएको छ । प्राध्यापक, कर्मचारी र विद्यार्थी प्रतिनिधिको कार्यदल गठन गरेर २० वुँदे मागपत्र तयार पारिए पनि त्यसलाई कार्यान्वयन गर्न क्याम्पस प्रशासन जिम्मेवार नभएको बताइएको छ । "कार्यदलले सर्वपक्षीय मागलाई एकीकृत गर्ने, प्राथमिकीकरण गर्ने, समाधानको उपाय सुझाउने गरी २० बुँदा तयार पारिएको थियो", सभापति महर्जनले भन्नुभयो, "कार्यदलको सुझावलाई कार्यान्वयन गर्न क्याम्पस प्रमुखले पहल नै गर्नुभएन। उहाँ जुन पदमा रहेर जे काम गर्नुपर्ने हो त्यो गर्न नसक्नुभएकै कारण हामीले उहाँको कार्यकक्षमा तालाबन्दी गरेका हौं ।"

क्याम्पसको शैक्षिक तथा प्रशासनिक भवन जीर्ण बनेको, प्राध्यापक, कर्मचारीको आवास व्यवस्थित नभएको, आवासीय भवनमा पानी चुहिने, प्रयोगशाला र स्थलगत भ्रमणमा विद्यार्थीलाई लिएर जाने जस्ता विषयमा समस्या भएको सभापति महर्जनले गुनासो गर्नुभएको छ । क्याम्पसको विभागीय संरचनाहरु पनि व्यवस्थित बनाउनु पर्ने आवश्यकता औंल्याउनुहुँदै सभापति महर्जनले भन्नुभयो, "यस्तो अवस्थामा विभागीय प्रमुख असम्बन्धित व्यक्तिलाई नियुक्त गर्नुका साथै दोहोरो जिम्मेवारी दिने तर सम्बन्धित व्यक्तिले जिम्मेवारी पाएका छैनन् ।"

क्याम्पस प्रमुखको विरोधमा विद्यार्थी पनि आन्दोलित छन्। विद्यार्थीले कालोपट्टी बाँधेर विरोध जनाइरहेका छन्। क्याम्पसमा प्राध्यापक, कर्मचारी र विद्यार्थीको आन्दोलन चलिरहे पनि नियमित पठनपाठन भने जारी रहेको सभापति महर्जनले बताउनुभयो । यता क्याम्पस प्रमुख शिव कुमार रञ्जनले भने विभागीय प्रमुखहरु नियमसंगत नियुक्त गरिएको दावी गर्नुभएको छ। बिहिबारका लागि वार्तामा बोलाउँदा प्राध्यापक संघका पदाधिकारीहरु अनुपस्थित रहेको पनि क्याम्पस प्रमुखले जानकारी दिनुभयो । क्याम्पस प्रमुख विरुद्ध विद्यार्थी पनि आन्दोलित छन् । स्नातक र स्नात्तकोत्तर तहको अध्ययन हुने क्याम्पसमा ३ सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

# बैशाख महिनादेखि कोभिडको दुईवटा खोपमात्र वितरण

समाज संवाददाता

**हेटौंडाः हेटौंडा उपमहानगरपालिकामा बैशाख महिनादेखि दुईवटा खोपमात्र वितरण हुँदै आएको छ । उपमहानगरपालिकाले बैशाख महिनादेखि भेरोसिल र फाइजर खोपमात्र वितरण गर्दै आएको हेटौंडा उपमहानगरपालिकाका स्वास्थ्य अधिकृत भोला चौलागाईले जानकारी दिनुभयो ।**

**अहिले उपमहानगरपालिमा फाइजर खोपको स्टक ३ सयभन्दा माथि र भेरोसिल खोपको स्टक भने नभएको बताइएको छ। भेरोसिल खोप चित्तबुझ्दो नलागेका कारणले नल्याइएको चौलागाईले बताउनुभयो ।**

**भेरोसिल खोप हुँदा पनि फाइजर ९० प्रतिशत र भेरोसिल १० प्रतिशत मानिसले लगाएका थिए । बैशाख र जेठ दुई महिनामा फाइजर खोप एक हजार २ सय ४७ जनाले लगाएका थिए भने बैशाख महिनामा एक सय ६ जनाले र जेठ महिनामा एक सय २७ जनाले भेरोसिल खोप लगाएको चौलागाईले बताउनुभयो ।**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# ४७ लाखको सुनसहित प्रभु पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले ४७ लाख रुपैयाँ बराबरको अवैध सुनसहित हेटौंडाबाट एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्ने पर्सा जिल्लाको बीरगञ्ज महानगरपालिका-१ का ३५ वर्षीय प्रभु साह सोनार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

बिहिबार बिहान ११ बजेर ३० मिनेटको समयमा हेटौंडा-१५, रातोमाटेस्थित चेकपोष्टबाट सोनारलाई पक्राउ गरिएको हो । विशेष सुचनाको आधारमा प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले काठमाडौंबाट वीरगञ्जतर्फ आउँदै गरेको ना १ ज ७४९० नम्बरको यात्रुवाहक सुमोलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा सुमोमा सवार सोनारको साथबाट ४ सय ८९ ग्राम ३७ मिलिग्राम सुन फेला पारेको जनाएको छ ।

सोनारको साथबाट बरामद भएको सुन अवैध रुपमा भन्सार छलेर ल्याएको हुन सक्ने प्रहरीको अनुमान छ । आज बिहिबारको बजार मुल्य अनुसार बरामद भएको सुनको मूल्य ४७ लाख ३६ हजार रुपैयाँ हुने प्रहरीले जानकारी दिएको छ । सुनसहित सोनारलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि बारा जिल्लास्थित राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

Join IT Career in HCC
Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)

Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)
यस हेटौंडा सिटी कलेजमा B.Sc.CSIT कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र श्री दिनेश खरेलले त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा 89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त ) ल्याई नेपाल प्रथम हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
साथै, BSc. CSIT र BCA को ११ औं समूहको (2080 Batch ) लागि प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।
हेटौंडा सिटी कलेज/जेनिथ
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

# हेटौंडासहित पाँच पालिकाले सार्वजनिक गरेनन् एसईईको नतिजा विवरण

जमुना थिङ

हेटौंडाः राष्ट्रिय परीक्षा बोर्डले २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सार्वजनिक गरेको एक साता भएको छ । गत बिहीबार सार्वजनिक गरिएको एसईई परीक्षाको नतिजाको विवरण मकवानपुर जिल्लाको ५ वटा पालिकाले सार्वजनिक गरेका छैनन् । जिल्लाका एक उपमहानगरपालिका, एक नगरपालिका र ८ वटा गाउँपालिकामध्ये ५ वटा गाउँपालिकाले मात्र एसईईको समष्टिगत नतिजा सार्वजनिक गरेका छन्।

भीमफेदी, मनहरी, बकैया, कैलाश र मकवानपुरगढी गाउँपालिकाले पालिकाभित्र रहेका विद्यालयबाट कति जना विद्यार्थीले कति जीपीए प्राप्त गरे भन्ने विवरण सार्वजनिक गरेको छ । गाउँपालिकाहरुले सामाजिक सञ्जालमार्फत् एसईईको नतिजा विवरण सार्वजनिक गरेका छन् । परीक्षाको नतिजा प्रकाशन एक सातासम्म पनि हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका, राक्सिराङ गाउँपालिका र बागमती गाउँपालिकाले पालिकाका विद्यालयहरुको एसईईको नतिजा विवरण सार्वजनिक गरेको छैन । सार्वजनिक नतिजाअनुसार मकवानपुर जिल्लाका गाउँपालिकाहरुमा उच्च जीपीए ल्याउने विद्यार्थी संख्या न्यून रहेको छ ।

हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालले उपमहानगरभित्र रहेका विद्यालयबाट कति विद्यार्थीले कुन जीपीए प्राप्त गरे भन्ने विवरण सार्वजनिक नगरेको स्वीकार गर्नुभयो । माध्यमिक तहका विद्यालयबाट कति विद्यार्थी परीक्षामा सहभागी भए र कति-कति जीपीए प्राप्त गरे भन्ने तथ्यांक जानकारी नभएको उहाँको भनाइ छ । विद्यालयहरुबाट नतिजा विवरण संकलनको क्रममा रहेको र सबै विद्यालयबाट प्राप्त नभइसकेको उहाँले जानकारी दिनुभयो । हेटौंडा उपमहानगरभित्र २९ वटा माध्यमिक तहका सामुदायिक विद्यालय छन् ।

इन्द्रसरोवर गाउँपालिका शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले पालिकाले एसईईको नतिजाको तथ्यांक राख्ने नगरेको बताउनुभयो । पालिकाभित्र ५ वटा माध्यमिक तहका विद्यालय छन् । विद्यालयबाट एसईईमा सहभागी विद्यार्थीको परीक्षाको नतिजा तथ्यांक गाउँपालिकासँग छैन । बागमती गाउँपालिका शिक्षा शाखा प्रमुख प्रमोद प्रतीक राईका अनुसार ६ वटा माध्यमिक तहको विद्यालय रहेका छन् । हालसम्म पालिकाको एसईई परीक्षाको नतिजाको विवरण सार्वजनिक भएको छैन । राक्सिराङ गाउँपालिका र थाहा नगरपालिकाले पनि एसईई परीक्षाको नतिजाको तथ्यांक सार्वजनिक गरेको पाइएको छैन ।

मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा एक जनाले ३.६ भन्दा बढी जीपीए प्राप्त गरेका छन् । ११ जना विद्यार्थीको जीपीए ३.२ देखि ३.६ सम्म रहेको छ भने १९ जनाले २.८ देखि ३.२ जीपीए ल्याएका छन् । यस्तै, २५ जनाले २.४ देखि २.८ जीपीए ल्याउँदा ३२ जनाले २.० देखि २.४ जीपीए ल्याएका छन् । जीपीए १.६ भन्दा बढी र २.० सम्म ल्याउने विद्यार्थी ४२ जना र १.६ जीपीए ल्याउने विद्यार्थी ५१ जना रहेका छन् । एक सय जना विद्यार्थीको नतिजा १.६ जीपीएभन्दा कम रहेको छ । १० वटा माध्यमिक तहका विद्यालयबाट २ सय ८१ जना परीक्षामा सहभागी भएका थिए भने ५ जना अनुपस्थित थिए ।

मकवानपुरको मनहरी गाउँपालिकाबाट ३ दशमलब ६१ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ५ जना रहेका छन् । ३ दशमलब २१ देखि ३ दशमलब ६ जीपीए ल्याउने २५ जना, २ दशमलब ८१ देखि ३ दशमलब २ जीपीए ल्याउने ४० जना विद्यार्थी छन् । २ दशमलब ४१ देखि २ दशमलब ८ जीपीए ल्याउने ४३, २

...बाँकी पृष्ठ ४ मा


Imagine turning your passion into a fruitful and rewarding career.
Study +2
BEAUTICIAN & HAIRDRESSING
(Under Faculty of Management)
CLASS STARTS FROM 15th SHRAWAN
HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
For inquiry:
9855074222
ENROLL NOW
Hetauda-4, Makawanpur
info@hsm.edu.np
www.hsm.edu.np
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

## सम्पादकीय

# आदिकविप्रति श्रद्धा

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको २१० औं जन्मजयन्ती आज असार २९ गते देशभर विविध साहित्यिक कार्यक्रम गरेर मनाइँदैछ । आदिकवि भानुभक्तको जन्म वि.सं. १८७१ असार २९ गते तनहुँको चुँदीवेशीको रम्घा गाउँमा भएको थियो । परम्परागत संस्कृत शिक्षा र ज्योतिष शास्त्रको अध्ययन गरेका भानुभक्तले नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका छन् । सामान्य घाँसीको प्रेरणाबाट साहित्यिक लेखनमा लागेका भानुभक्त तत्कालीन नेपाली ग्रामीण परिवेश सुहाउँदो साहित्य रचनाबाट प्रसिद्ध भएका हुन् । भानुभक्तका अनुवादित कृतिहरुमा रामायण महाकाव्य, प्रश्नोत्तरमाला र रामगीता रहेका छन् । उनका अन्य कृतिहरुमा बधुशिक्षा, भक्तमाला र फुटकर कविताहरु पनि छन् । भानुभक्तका साहित्यिक कृतिहरुमा नेपालीपन, नेपाली संस्कृति र नेपाली कला झल्किएको छ । साहित्यमार्फत् नेपाली ग्रामीण परिवेशका कला र संस्कृतिको संरक्षण गरेकाले भानुभक्त आचार्यलाई २०२४ सालमा सरकारले राष्ट्रिय विभूतिको उपाधि दिएको थियो । भानु जयन्ती नेपालसहित नेपाली भाषाभाषीको बाहुल्य रहेका विदेशी भूमिमा पनि उत्साहका साथ मनाउने गरिएको छ ।

आदिकवि भानुभक्त आचार्यलाई नेपाली साहित्यका आध्यात्मिक एवम् धार्मिक प्रवृत्तिका कवि मानिन्छ । सरल नेपाली भाषामा बहुप्रचलित र अत्यन्त लोकप्रिय धार्मिक ग्रन्थ रामायणलाई अनुवाद गरेर भानुभक्तले नेपाली जनतालाई उपहार दिएका छन् । आज पनि ग्रामीण नेपाली समाजमा भानुभक्त अनुवादित रामायणका श्लोकहरु कण्ठस्थ वाचन गर्ने गरिन्छ । उनले रामायण महाकाव्यमार्फत् नेपाली जनमानसमा रामभक्तिको भावना फैलाएका थिए । भाषिक सहजतासहितका भानुभक्तका कृतिले नेपाली समाजमा पठन संस्कृतिको विकास गर्न तथा सांस्कृतिक, धार्मिक, सामाजिक एवम् नैतिक चेतनाको विकास गर्न पुऱ्याएको योगदानका कारण उनलाई नेपाली समाजले सामाजिक अगुवाका रुपमा समेत लिने गरेको छ । भानुभक्तले लेखेका पाण्डुलिपिलाई संग्रह गरेर मोतीराम भ ले पुस्तकाकारमा प्रकाशन गरेर नेपाली जगतमा भानुभक्तलाई चिनाएका हुन् ।

नेपाली समाजमा एकैपल्ट भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, परम्परा, चरित्र, मर्यादा, पितृप्रेम, भ्रातृत्व, दाम्पत्य, कर्तव्यलगायत विषयलाई समन्वय गरेका आदिकवि भानुभक्त आचार्य मूर्धन्य व्यक्तित्व हुन् । विखण्डित नेपाललाई एकीकरण गरेर विशाल नेपाल बनाउन पृथ्वीनारायण शाहको जस्तो देन छ, नेपाली साहित्यको जग हालेर भाषिक एकीकरण गर्न भानुभक्तको उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ । राष्ट्र र राष्ट्रियताप्रति गहिरो भाव र ममता भएका कारण उनलाई राष्ट्रवादी लेखकको रुपमा समेत चिन्ने गरिएको छ । भानुभक्तले नेपाली भाषामा अरु धेरै कृतिहरु लेखेको भएता पनि रामायणले जति लोकप्रियता अरु कुनै ग्रन्थले प्राप्त गर्न सकेन । अशिक्षा, अज्ञानता र अन्धविश्वासले जकडिएको तत्कालीन नेपाली समाजलाई भानुभक्तले जनजिब्रोमा बोल्ने गरिएको सरल नेपाली भाषामा रामायण अनुवाद गरेर महत्वपूर्ण कोशेली दिएका थिए ।

भाषिक एकताका प्रतीक बनेका भानुभक्त नेपाली साहित्यका आदिकवि र एक महान् अमर विभूति हुन् । त्यसैले उनको जन्मदिनलाई नेपाली भाषा तथा साहित्यप्रेमीहरुले विशेष चाडको रुपमा मनाउने गर्दछन् । भानु जयन्तीको अवसरमा उनका रचना, सिर्जना र साहित्यको स्मरण गरी उनीप्रतिको श्रद्धा प्रकट गर्ने गरिएको छ । भानु जयन्ती नेपालमा मात्र नभई नेपालीभाषी बसोबास गर्ने दार्जिलिङ, सिक्किम, आसाम र बर्मामा समेत श्रद्धाभक्तिपूर्वक मनाइन्छ । पछिल्लो समय रोजगारी तथा अध्ययनका लागि विभिन्न देशमा पुगेका नेपाली समुदायले पनि आ-आफ्नो ठाउँमा भानु जयन्ती मनाउन थालेका छन् । तर, नेपालमा भने भानुभक्तजस्ता राष्ट्रिय विभूति र स्रष्टाको उचित सम्मान हुन सकेको छैन । भानुभक्तलगायत स्रष्टाको जन्मदिनमा साहित्यिक संघसंस्थाले सामान्य औपचारिक कार्यक्रम गरेर स्मरण गरे पनि सरकारी स्तरबाट उपेक्षा भइरहेको छ । भानु जयन्तीलाई सरकारी स्तरबाट मनाउने प्रचलनको सुरुवात भएमा आदिकविप्रति साँचो श्रद्धा हुने थियो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आर्थिक लेनदेन विषयमा विवाद बढ्न सक्छ ।
**वृष** : उत्साह बदृक र आयआम्दानीमा वृद्धि हुने समय छ ।
**मिथुन** : प्रयासले आर्थिक समस्या निराकरण हुने समय छ ।
**कर्कट** : मनमा उत्साह र उमङ्ग सिर्जना हुने समय योग छ ।
**सिंह** : झै-झगडा काममा अगाडी नबढ्दा राम्रो होला ।
**कन्या** : आफन्ताके सहयोग प्राप्त हुने समय योग छ ।
**तुला** : बन्द-व्यापार व्यवसायबाट लाभ प्राप्त हुने छ ।
**वृश्चिक** : बोलीमा बल भएको समय योग देखिन्छ ।
**धनु** : व्यवसायिक र कृषिक्षेत्रमा सुधार योग छ ।
**मकर** : ताके र आँटेका काममा सफलता प्राप्ति हुने छ ।
**कुम्भ** : कर्मक्षेत्र बलियो र राम्रो रहने समय योग छ ।
**मीन** : सानो प्रयासले उद्देश्यपूर्ति रहनेसमय छ ।

# समयको कसौटीमा नेपाली कांग्रेस





✍ **देवराज चालिसे**

महाधिवेशन पार्टीलाई समयसापेक्ष नवीकरण गर्ने वैधानिक प्रक्रिया हो। यसले नीति, रणनीति, नेतृत्व, संरचना सबै बदल्ने अधिकार राख्दछ। कांग्रेसको १४औं अधिवेशन नीतिप्रधान हुन्छ कि चुनावप्रधान ? व्यक्तिप्रधान हुन्छ कि पद्धतिप्रधान ? योग्यताप्रधान हुन्छ कि उमेरप्रधान ? इतिहासमै अल्मलिन्छ कि भविष्यप्रधान हुन्छ ? सत्ता र शक्तिलाई नै कार्यदिशा बनाउँछ कि पार्टीको लक्ष्यलाई पछ्याउँछ ? चुनाव अघि सबैको ध्यान यसैमा थियो तर अनुभव अर्कै रह्यो ।

कांग्रेसको गत अधिवेशन पनि सदा झैं चुनावी अधिवेशन जस्तै भयो अन्ततः संवैधानिक बाध्यताको अधिवेशन । यो केही नेता थप्ने र बाँकीको अनुमोदन गर्ने भूमिकामै सीमित रह्यो। पार्टीका अधिवेशनमा प्रस्तुत हुने प्रस्तावहरु प्रायः सनातनी थिए, छलफलहरु औपचारिकतामा सीमित थियो, ध्यान जति कसरी जित्ने र जिताउनेमा नै खर्चिएको थियो । यसपटक यो दोहोरियो मात्र । भविष्यमा सुधार हुने आशा गरौं ।

विधान अनुसार एक अधिवेशनदेखि आगामी अधिवेशनको अवधिभित्र अधिवेशनले गर्न सक्ने कार्यको जिम्मेवारी महासमितिले लिएको हुन्छ तर महासमिति बैठकको आजसम्म कुनै टुंगो छैन। केन्द्रीय समिति विधानमा शक्तिशाली देखिन्छ यो समय जे गर्नुपर्ने हो, यहींबाटै होस् कांग्रेसजनको शुभेच्छा छ ।

लामो अन्तरालपछि केन्द्रीय समितिको बैठक बस्दैछ। कांग्रेसका लागि आन्तरिक र बाह्य चुनौतीहरु पहाड झैं खडा भएका छन् । संस्थाभन्दा समय अघि दौडिएको छ, समयको गतिसँगै कांग्रेसको जीवनलाई जोड्नु छ। यसबीच गठबन्धनको चुनावी संस्कृति भित्रिएको छ, सिद्धान्त र आदर्श प्रतिरक्षामा धकेलिएको छ, कार्यकर्ताहरु अनुत्तरित छन्, समर्थकमा निराशा छ, समर्थनमा संकुचन देखिएको छ, संगठन प्राण नभएको अस्थिपञ्जर जस्तो छ र यी सबैमा नयाँ रक्तसंचार गर्नुपर्नेछ ।

बाह्य चुनौती झन् पेचिलो हुँदै गएको छ, कमजोर प्रशासनयन्त्र, थला परेको अर्थतन्त्र, मौलाएको भ्रष्टाचार, सुशासनको अभावले नागरिकमा असन्तुष्टि चुलिएको छ, आक्रोशले संगठनको रुप लिँदैछ। नयाँ-नयाँ शक्तिको उदय र निर्दलीय राजनीति प्रिय बन्दै जाँदैछ। यस अवस्थामा हुँदै गरेको केन्द्रीय समितिको बैठकबाट के निर्णय हुनेछ ? विषय प्रवेश हुनेछ छ वा छैन, समस्याको चुरो समाधानको सूत्र के हो ? कांग्रेसबाट वर्तमानले राखेको अपेक्षा यही हो । महाधिवेशन र महासमितिको रिक्तता र चुलिएको तिक्तता केही हदसम्म समितिले पूरा गर्न सक्दछ, कम गर्न सक्दछ । समितिमा ठूलो संख्यामा युवा नेतृत्वले प्रवेश पाएको छ, युवाहरु प्रश्न गर्ने होइन जवाफ दिने हैसियतमा छन् । अनुभवीहरु छँदैछन्। यो बैठकले विगतको अभियोगलाई विश्राम देओस्, रुपान्तरित कांग्रेसको शैलीमा आफूलाई समर्पित गरोस् । यसका लागि कांग्रेसले केही नीतिगत सुधार गरोस् ।

### पार्टीको नीति निर्माणमा सहभागिताको प्रश्न

२०१७ सालमा सम्पन्न पार्टीको महाधिवेशनमा बीपी कोइरालाले अध्यक्षको हैसियतले पार्टी र सरकारको सम्बन्धबारे कार्यकर्तालाई दिनुभएको सन्देशले ऐतिहासिक महत्व बोकेको थियो। उहाँको भनाइ थियो- पार्टी सामूहिकतामा सञ्चालित छ, प्रत्येक उपलब्धि हरेकको मिहिनेतबाट सम्भव भएको हो । निर्वाचनको सफलताको कारण व्यक्तिविशेषको निजी प्रतिष्ठा नभई पार्टीको सामूहिक प्रयत्न र पार्टीप्रति जनताको हृदयदेखिको विश्वास हो ।

के अहिले हामी यो आदर्शबाट चलेका छौं ? अहिले पार्टीको नीति निर्माण गर्ने तह नीति निर्माणमा संलग्न छैनन्, मातहतका निकायहरूको अनुभवको सुनुवाइ छैन, कार्यकर्ताहरुको निर्णय प्रक्रियामा अपनत्व छैन तर पनि पार्टी चलेकै छ । नीति-रणनीति बनेकै छ। नीति निर्माणको स्रोत के हो ? यो कहाँबाट उत्पादन हुन्छ, केहीलाई थाहा होला तर यसभित्र विज्ञता र पारदर्शिता तथा जवाफदेहीका आधारहरु अँध्यारा छन्, अनुत्तरित छन् ।

कम्युनिस्ट पार्टीको जस्तो पार्टी नियन्त्रण र संचालन केस, पोलिटब्युरो, स्थायी समिति हुँदै पार्टी प्रमुखमा थुप्रिएको अधिनायकवादी शैलीबाट लोकतान्त्रिक पार्टी नचल्नुपर्ने हो तर चलेकै छ ।

पार्टीले लिने नीतिमा आम सदस्यको अपनत्व छैन भने प्रयोगमा समस्या आउँछ र परिणाम दुर्घटनाउन्मुख हुन्छ। यो यसै भनिएको होइन तर आज त्यही हुँदैछ ।

शीर्ष नेतृत्वहरुले लिएको निर्णय र रणनीतिमा बारम्बार प्रश्न उठ्ने गर्छ । केही मानिसहरु आफूलाई मात्र सर्वज्ञ ठान्दछन् तर परिणाममा अस्वीकृति मात्र थपिएको छ। पदमा शक्ति होला, विज्ञता नहुन सक्छ, विज्ञता होला तर अपनत्व नहुन सक्छ तर यो स्वीकार गर्न नेतृत्व तयार छैन। असफलताका लागि नेता नै तयार देखिन्छन् ।

कांग्रेस आफ्नो जीवनका प्रश्नहरुमा गम्भीरतापूर्वक छलफल गर्नै चाहँदैन किन ? आम सदस्यको पार्टी बनाउनै चाहँदैन किन ? यो नियत हो कि नियति ? समयले उत्तर मागेको छ ।

### सत्ता साध्य हो कि साधन ?

समकालीन राजनीतिमा सत्तालाई साध्यको रुपमा अर्थ्याइएको छ। यो अर्थले लक्ष्यलाई गुमराहमा धकेलेको छ। सत्ताले परिवर्तन रुचाउँदैन । नवीन विचारबाट सशंकित हुन्छ । सत्ताले बुझ्केको हुन्छ जहाँ विचार हुन्छ, त्यहाँ प्रश्नको बीज रोपिएको हुन्छ। विचार आँखा देख्न नसक्ने हुँदैन, यसको आँखा हुन्छ र त्यही आँखाबाट समाजलाई नियालेको हुन्छ । विचारले बोकेको विद्रोहको अर्थ हो मूल्यमा क्रान्ति, सोचमा परिवर्तन, यथास्थितिको रुपान्तरण।

बीपीले सत्तालाई हमेसा साधनको रुपमा लिनुभयो । साधनकै विकसित रुप साध्य हो। उहाँले चाहेको समाजको निर्माण नै उहाँको गन्तव्य थियो । अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरुबाट जीवनभर प्रधानमन्त्री र राष्ट्रपति बन्न गरिएको प्रस्तावलाई स्वीकार गर्नुभन्दा देशको माटोभित्र दिइने मृत्युदण्ड स्वीकार्य रहेको ठान्ने बीपीको आदर्श र गणेशमानको त्यागले सत्तालाई साधनको रुपमा परिभाषित गरेको छ। के यो बैठक यो तथ्य स्वीकार गर्न तयार छ ?

### जो जसको सरकार होस् सत्तालाई प्रधान मान्ने चरित्र

जो जसको सरकार होस्, सत्तालाई प्रधान मान्ने चरित्र यथास्थितिवादी हुन्छ, एकाधिकारमा रमाउँछ। सत्ताले सत्ता मात्र देख्दछ, सत्ताको लागि जे पनि गर्दछ । सत्ताको आँखामा पार्टी भऱ्याङ मात्र हो । पार्टीका सिद्धान्त, आदर्श, पार्टी सदस्यहरु उसको चाहना प्राप्तिका उपकरण मात्र । आदर्श यिनीहरुलाई बोझ हुन्छ, सत्ताको निर्णयमा सत्ता प्राप्ति नै निर्णायक बन्छ। यो प्रवृत्तिलाई योग्यता र परिणाम चाहिँदैन। उसले अहिलेलाई हेरेको छ, भविष्यप्रति बेखबर रहन्छ । सत्ताले २० वर्षपछिको नेपाल हेर्दैन, आफ्नो पदको आयु मात्र हेर्दछ ।

यसको अन्ततः परिणाम देखियो । सत्ताकै लोभले भ्रष्ट संस्कृति मौलायो। गैरराजनीतिक विधि र चरित्र संस्थागत हुँदै गयो, सत्ताकै चाहनाले पार्टीलाई सिद्धान्तहीन अवसरवादी गठबन्धनसम्म पुऱ्यायो। सत्ताको उन्मादमा शक्ति सन्तुलन र शक्तिपृथकीकरण भत्कियो । न्यायालय समेत निरीह देखियो। आज ७० प्रतिशत भ्रष्टाचार राजनीति र प्रशासनको सेटिङमा हुन्छ । सत्ताकै कारण घरेलु राजनीतिमा वैदेशिक प्रभाव बढेको छ ।

सत्तालाई प्रधान ठान्ने नीतिकै कारण आज राजनीतिक प्रणाली संकटमा छ, प्रजातन्त्र असुरक्षित छ, असन्तोष र आक्रोश चुलिंदा छद्मभेषी शक्ति मौलाएको छ । यो सबै सत्तामुखी राजनीतिको उत्पादन हो। के अहिलेको कांग्रेस सत्तालाई साधनको निरन्तरताको अर्थमा स्वीकार गर्न तयार छ ?

### नीतिमा गठबन्धन, रणनीतिमा आत्मसमर्पण ?

फरक मान्यताका पार्टीहरुबीच गठबन्धन केका लागि थियो ? बलियो पार्टीको मापदण्ड के हो ? एउटा जीवन्त पार्टीका लागि एउटा चुनाव जित्नु वा हार्नुको महत्वभन्दा उसको आदर्शको रक्षा प्रधान विषय हो ।

२०५६ को चुनावमा पार्टीले ३२ लाख १४ हजार ७८६ (३७.१७ प्रतिशत), २०७४ मा ३१ लाख २८ हजार ३८९ लोकप्रिय मत (प्रत्यक्षमा जितेको २३) र २०७९ मा २७ लाख १५ हजार २२५ लोकप्रिय मत (प्रत्यक्षमा जितेको ८९) प्राप्त गऱ्यो ।

कुल मतदाता पनि बढे, गठबन्धनबाट सिट त बढ्यो तर लोकप्रिय मत किन घट्यो ? कता हरायो ४ लाख १३ हजार १६४ मत ? तर पनि पार्टीभित्र ओरालो लागेको मतको आगो ताप्दै सत्ता केन्द्रित व्यक्तिगत स्वार्थमा लिप्त हुनेको कुनै कमि छैन ।

अरुले कांग्रेसलाई प्रयोग गरे कि कांग्रेसले अरुलाई उपयोग गऱ्यो ? सरकारको माध्यमबाट कांग्रेसको जनमत बढ्यो कि घट्यो ? सत्ताकै बीच उपचुनावमा पराजय किन ? रेशम चौधरीको आम माफीमा पार्टीको के स्वार्थ रह्यो ? सत्ताको गणितीय स्वार्थमा न्यायको चीरहरण के उचित थियो ?

नागरिकता विधेयक भारत भ्रमणकै दिन स्वीकृत गर्नुपर्ने के बाध्यता थियो ? यो समय पार्टीले आत्मसमीक्षा गर्दै आफूलाई सच्याउनुपर्नेछ ।

### जनताको नजरमा मितव्ययी सरकार

देशको आम्दानी कमजोर छ, जनताको अपेक्षा धेरै छ । चुलिएको साधारण खर्च घटाई विकास बजेट बढाउन पनि मितव्ययी सरकार आवश्यक छ। मितव्ययी सरकार प्रति जनताको विश्वास बढेर जान्छ, कार्यकर्ताले अपनत्व ग्रहण गर्दछन् ।

सत्ताको राप र तापले आदर्शलाई भुत्ते बनाइरहेको वर्तमानमा यो कुराले विशेष महत्व राख्दछ । ललितानिवासको जग्गा प्रकरणको पृष्ठभूमिमा आज प्रश्न गर्न सकिन्छ, भूमि सुधार र बिर्ता उन्मूलन जस्ता कार्यक्रममा नेता सुवर्णशमशेरले देखाएको समर्थन र त्याग के अहिले संभव छ ?

भूतपूर्वहरुलाई सेवा र सुविधा थप्दै गरेको वर्तमानमा बीपीले वहालवाला प्रधानमन्त्री र अन्य राजनीतिक उच्चाधिकारीको आधा तलब घटाए जस्तै घटाउन कोही तयार छ ?

पुरुषले सुत्केरी भत्ता बुझ्ने लोभी संस्कारमा इन्धन र गाडीको सुविधा घटाउन कोही तयार छ ?

हिजो कसरी सम्भव रह्यो, आज किन हुन सक्दैन ? बैठकमा यसबारे बहस चलाउन आवश्यक छ। बीपीको निवासमा ४ भारी दाउरा बढी उपयोग गर्दा बीपीले संसदमा जवाफ दिनुभयो। आज कमिसनको कुरा उठ्दा जवाफ दिनु नपर्ने ?

मितव्ययी सरकारको कल्पना गर्ने बीपीका अनुयायीको सरकारका हामीले राजस्व छुट दिई पजेरो संस्कृति स्थापित गऱ्यौं, यो कुन समाजवाद हो ?

राष्ट्रिय कार्यक्रम बाहेक झण्डा राख्न नपाउने, सलामी नलिने किनकि यसले ठालु संस्कृतिको विकास गर्छ भन्ने बीपीको पार्टीका विभिन्न तहका सरकारहरु आज कुन आदर्शको प्रतिनिधित्व गरिरहेका छन् ? आज वडा अध्यक्षले झण्डा हाल्न मात्र बाँकी छ । यस बारे कसले बोल्ने ? प्रश्न कसले गर्ने ?

### पार्टीको संरचनागत सुधारः चुस्त संगठन, दुरुस्त सदस्य

कांग्रेस आफैं समयको हाँक र चुनौतीको सामना गर्ने सामर्थ्य राख्दछ, तर परिस्थितिले किनारामा धकेलेको छ । ७/८ लाखको संख्यामा सक्रिय सदस्यबाट संगठित पार्टी किन मूर्झाएको छ ? कार्यकर्ताको संख्यामा रमाउने कि तिनलाई योग्य बनाउने, यो चुनौती कांग्रेससँग छ । कांग्रेस आफ्नो इतिहास र क्षमतामा किन गर्व गर्न सकिरहेको छैन ?

यसको एउटै समाधान हो- सुदृढ संगठन, विचारमा प्रखरता, ऊर्जाशील नेतृत्व, व्यवहारमा सरलता। हिजो व्यवस्था बदल्ने पार्टी आज आफ्नो अवस्था बदल्न सक्दैन ? प्रजातन्त्रलाई योग्यतन्त्र बनाउन सक्दैन ? यसका लागि पार्टी जीवनका आधार र संचालनको प्रक्रियामा व्यापक सुधारको खाँचो छ । एकपटक पार्टीमा अर्कोपटक चुनावमा यो थिति बसाल्नै पर्दछ ।

पार्टीको आन्तरिक लोकतन्त्र मनोगत छ, प्रतिस्पर्धा वैयक्तित छ, ईखालु छ, त्यसैले प्रतिस्पर्धालाई योजना र कार्यक्रममा आधारित बनाउनु आवश्यक छ । एक व्यक्ति एक संगठन, एक पद बढीमा दुई पटकको वैधानिक व्यवस्था किन नगर्ने ? पार्टीभित्र क्षमता छ, अवसर पाउँछौं, पुराना छौं, न्याय र इज्जत दिलाउँछौं भन्ने होइन, गर्न सक्नु पऱ्यो । पार्टीमा जिम्मेवारी जसले पूरा गर्छ, उससे मात्र अवसर पाउँछ भन्ने मान्यता स्थापित गर्न सक्नुपर्दछ। समयानुकूल विधानको संशोधन र नयाँ संरचनाको विकास जरुरी छ । अवसरको समानता र वितरणको आधारलाई पारदर्शी बनाउनुपर्नेछ ।

राजनीति सेवा हो पेशा होइन । सार्वजनिक दायित्वमा रहेकाहरुले आर्थिक पारदर्शिता देखाउनै पर्दछ । आत्म स्वाभिमानका लागि हरेक सदस्य उद्यमशीलतासँग जोडिन आवश्यक छ । एक घर एक उत्पादन, एक घर एक रोजगारीको राष्ट्रिय अभियान कांग्रेस नेतृत्वमा सञ्चालित होस् ।

२०१७ साल भदौमा नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा बीपीले गुटबन्दी र बजेटमा स्थानीयताको भावना अन्त्य गरौं भन्नुभएको थियो तर यो भावनाविरुद्ध कांग्रेसको वर्तमान राजनीतिमा ठूला नेता नै किन जिल्ला केन्द्रित, निर्वाचन क्षेत्रमा सीमित र आसेपासे केन्द्रित नियुक्तिमा रमाएका हुन् ? संसदीय विकास बजेटले संसदीय प्रणालीकै उपहास गरेको छ ।

यी र यस्ता तमाम विषयमा यो बैठकले छलफल गरोस् । संविधानको संशोधन र उन्नत लोकतन्त्रका लागि कांग्रेसको प्रतिबद्धता संविधान सबैको हो, कसैको होइन जस्तो छ। तत्कालीन शक्ति सन्तुलनमा आएको संविधानले १७ वर्ष पार गर्दैछ। उपलब्धिसँगै बेथितिको स्रोत पनि संविधान भएको छ ।

प्रदेश सरकारहरु नागरिक सेवामा प्रभावकारी नदेखिंदा तिनको औचित्यमा नागरिकले प्रश्न उठाएका छन्। समानुपातिक प्रणाली अस्थिरता र विकृतिको स्रोत बनेको छ । सर्वोच्च निकायमा रहेका तीन अंगबीच शक्तिपृथकीकरण तथा नियन्त्रण र सन्तुलनको अवस्था भत्किएको छ। यो अभ्यासले प्रणाली नै धरापमा पर्दैछ ।

कांग्रेसले संवैधानिक जटिलतालाई

...बाँकी पृष्ठ ३ मा

# शनिबार हेटौँडामा कोरा साईक्लिङ च्यालेन्ज

समाज संवाददाता

हेटौँडाः हेटौँडामा शनिबार कोरा साईक्लिङ च्यालेन्ज हुँदैछ। हेटौँडामा सन् २०१८ देखि हेटौँडा राईडर्स क्लबले कोरा साइक्लिङ च्यालेन्जको सुरुवात गरेको हेटौँडा राइर्डस सोसाइटीका अध्यक्ष विकास ताम्राकारले जानकारी दिनुभएको छ। बौद्ध र हिन्दु धर्मका पवित्र तीर्थस्थललाई घडीको सुईको दिशामा परिक्रमा गर्नुलाई "कोरा" भनिन्छ ।

हेटौँडा उपमहानगरपालिका वडा नं. २, ४, १३ को सहयोग तथा जिल्ला साइकल संघको सहकार्यमा कोरा साइक्लिङ हुन लागेको पत्रकार सम्मेलन गरी जानकारी दिएको छ। हेटौँडा बजारको बढ्दो ट्राफिक समस्या र साँघुरो बाटोसँग जुधिरहेको वर्तमान अवस्थामा हेटौँडामा कोराले वातावरणमैत्री साइकल अभियानलाई प्रबर्द्धन गर्न खोजेको अध्यक्ष ताम्राकारले दावी गर्नुभएको छ ।

करिब ५० किलोमिटर दुरी तय गरिने यो यात्राको सुरुवातमा नास्ताका साथै बीच बीचमा पिउने पानीको व्यवस्थापन तथा विभिन्न टोलमा स्वागत कार्यक्रमहरु पनि गरिनेछ । कोरा च्यालेन्जमा हेटौँडा नगरको सेरोफेरो, बस्ती भित्रका हरियाली खेत, बाटा, गल्लीहरु र मनोरम दृश्य हेर्न पाइनेछ। ६ वर्षदेखि निरन्तर हुँदै आएको यो कार्यक्रमको मुख्य उद्देश्य सहरलाई साइकलसँग जोड्नु तथा तीर्थस्थल र स्थानीय वस्तीहरुलाई पहिचान गराउनु हो। यसरी हेटौँडामा साइकल अभियानसँगै हेटौँडा राईडर्स क्लबले साईकल ऱ्याली, टुर, राष्ट्रियस्तरको साईकल रेस प्रतियोगिता गर्दै आइरहेको छ ।

# आज भानुजयन्ती मनाइँदै

समाज संवाददाता

**हेटौँडाः आज शुक्रबार नै नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको २१० औं जन्मजयन्ती मनाइँदैछ । विभिन्न साहित्यिक कार्यक्रम गरेर आदिकविलाई श्रद्धा व्यक्त गर्दै भानु जयन्ती मनाउने गरिएको छ ।**

**संस्कृत भाषामा लेखिएको अयोध्याका राजा रामको जीवनी 'रामायण'लाई सरल नेपाली भाषामा भावानुवाद गरेर भानुभक्तले नेपाली साहित्यमा ठूलो योगदान दिएका छन्। उनले लेखेको रामायण अहिले पनि नेपालीमाझ निकै लोकप्रिय छ । विसं १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा भानुभक्तको जन्म भएको थियो । एक जना सामान्य घाँसीले 'जन्मेपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ' भन्ने भनाईबाट प्रेरित भएर भानुभक्तले साहित्य सिर्जना गरेर नाम कमाएका थिए ।**

# समयको कसौटीमा...

ट्र्याकमा फर्काउन बोल्नै पर्दछ । जहिले संभव हुन्छ त्यहीबेला संशोधन गरौंला तर आफ्नो मत जिम्मेवार पार्टीले सार्वजनिक गर्न सक्नुपर्दछ ।

नागरिक प्रशासनमा योग्यतन्त्रको अभाव छ, स्थायी सरकार हो तर राजनीतिक प्रभाव र लोभबाट मुक्त छैन । योग्य प्रतिभाहरु पलायन हुँदै गइरहेका छन् । ठूलो संख्यामा प्रवासमा रहेका नेपालीलाई मातृभूमिको सुख र दुःखमा सहभागी हुने विश्वासका साथ आकर्षक कार्यक्रम दिन सक्नुपर्दछ ।

अधिकारसम्पन्न शक्तिशाली स्वतन्त्र निकायको अभावमा देश भ्रष्टाचारमुक्त हुनै सक्दैन। आयोगका कर्मचारी निजामती वा प्रहरीबाट लैजाने प्रक्रियाको अन्त्य हुन जरूरी छ । अख्तियारका प्रमुखहरु नै भ्रष्टाचारमा तानिएको यो दृश्यबाट भ्रष्टाचार विरूद्ध नागरिक विश्वासलाई पुनः स्थापित गर्न सक्नुपर्दछ ।

**सन्तुलित विदेश नीति**

आज मुलुकको वैदेशिक सम्बन्ध आन्तरिक राजनीतिको चक्रव्यूहमा फसेको छ । कम्युनिष्ट पार्टीको स्वार्थमा मित्रराष्ट्रहरुसँगको सम्बन्ध गिजोलिएको छ। पार्टी स्वार्थको अधीनस्थ राष्ट्रिय स्वार्थ हुनै सक्दैन, तर यो भइरहेको छ। विकास आयोजनाहरुमा विदेशीलाई खेल्ने मौका दिइएको छ। परजीवी बुद्धिजीवीको एउटा तप्का छिमेकीको उक्साहट र अनुदानमा विकास र वैदेशिक सम्बन्धको व्याख्या गरिरहेका छन् र जनमतलाई जबर्जस्त प्रभाव पारिरहेका छन् । यो समय पार्टीले देशभक्तिको भावनाबाट जनतालाई प्रशिक्षित गर्नुपर्ने देखिन्छ ।

बीपीको विदेश नीति प्राग्मेटिक थियो, नीति तटस्थताकै हो। यो तटस्थता सबैका लागि दोस्रो प्राथमिकतामा रहने भन्ने हो ।

हाम्रो राष्ट्रिय स्वार्थ प्राथमिक विषय हो । त्यसैले हामी कसैको प्राथमिकतामा हुँदैनौं । तटस्थता भनेको पक्ष नलिनु हो । दोस्रो राष्ट्रको तेस्रो राष्ट्रसँगको सम्बन्धमा पक्षधरता नराख्नु पनि तटस्थता नै हो । कांग्रेसले आफूलाई बीपीकै लाइनमा दह्रोसँग उभ्याउन सक्नुपर्दछ ।

कहिलेकाहीं संगठनले तिनका संस्थापकहरुको विचारभन्दा फरक परिणामहरु उत्पन्न गराउन सक्दछन्। यसबाट संगठनहरुले आफ्नो स्वतन्त्र इच्छा आफैं प्राप्त गरेका र आफ्ना सहभागीहरुका उद्देश्यहरु भन्दा भिन्न किसिमका उद्देश्य आफैं स्थापित गरेका त होइनन् भने जस्तो देखिन आउँछ। यस अवस्थामा पार्टी बचाउन, आदर्शहरुको रक्षा गर्न पार्टीका सदस्यहरुले पार्टी कार्यकर्ताहरुको मस्तिष्क बदल्न संघर्षरत रहनुपर्दछ ।

समाजको निर्मित संरचनाभित्र रही स्थायी प्रश्नकर्ताको रुपमा हरेक सदस्य उभिन तयार रहनुपर्दछ। हामीसँग विचार निर्माणका दुई विकल्प बाँकी रहन्छन्- संस्कार र चिन्तनको निरन्तरता तथा सिर्जनशील हस्तक्षेप ।

मौन संस्कृतिको अन्त्य गरौं । प्रश्नसँग त्यो डराउँछ जोसँग उत्तर छैन वा उत्तर दिने हैसियत गुमाएको छ। प्रत्येक समाज प्रश्नवाचक, जिज्ञासा, असहमति तथा बहुलताकै माध्यमबाट अघि बढ्दछ। चेतनशील मानिसले नै समाजको सही नेतृत्व दिन सक्दछन् । यसका लागि दर्दनाक मानसिकता बदल्न जरुरी छ अन्यथा एक दृष्टिविहीनले अर्को दृष्टिविहीनलाई बाटो देखाएको जस्तो हुनेछ। पहाडको टाकुरामा ती व्यक्तिहरु मात्र चढ्न सक्दछन् जो कहिल्यै थाक्दैनन् । हरेक कांग्रेसले अब भन्नै पर्नेछ र गरेर देखाउनुछ- हिजो व्यवस्था बदल्यौं, अब अवस्था बदल्ने छौं । यो समय इतिहासमा कांग्रेसले अर्को परीक्षा दिंदैछ, उत्कृष्ट लयमा उत्रन सक्नुपर्दछ ।

(लेखक कांग्रेस महासमिति सदस्य हुन् । स्रोतःअनलाइनखबर)


# मकवानपुर बालविद्या सदन

हेटौंडा-१८, खड्कुले


## हार्दिक बधाई



Kusum Khadka 3.75 | Brishkamal Karki 3.9 | Samana Bal 3.75



Kripa Adhikari 3.7 | Den Guragain 3.6 | Roman B.k 3.35 | Riju Limbu 3.55 | Shristi BK 3.55



Dipesh Baniya 3.45 | Rupesh Ghimire 3.2 | Kopila Ghalan 3.25

यस विद्यालयबाट एस.ई.ई. परीक्षा २०७९ मा सफल हुनुहुने सम्पूर्ण विद्यार्थीहरु, अहोरात्र मिहिनेत गर्नुहुने प्रधानाध्यापक, सहायक प्रधानाध्यापक तथा शिक्षक वर्गहरु र विद्यालय कर्मचारीहरु सम्पूर्णलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै उत्कृष्ट नतिजा प्राप्तिमा योगदान पुऱ्याउनुभएको सबैमा हार्दिक आभार प्रकट गर्दछौं ।

कृष्ण बहादुर अधिकारी
अध्यक्ष
एवम् शिक्षक अभिभावक संघ परिवार



गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि



# स्वादिष्ट नेवारी खाजा




अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३



## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०३/२९ गते*

शिक्षा विकास तथा समन्वय इकाई हेटौँडा, मकवानपुरको च.नं. १७६८ मिति २०८०/०३/२६ को शिक्षक पदपूर्ति अनुमतिपत्रबाट प्राप्त भई मिति २०८०/०३/२७ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमको खुल्ला उम्मेद्वारीको लागी दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. विज्ञापन नं.: ०३–२०७९/८०
२. तहः नि.मा.वि. (राहत अनुदान कोटा) ।
३. विषयः गणित ।
४. आवश्यक पद संख्याः १ (एक) ।
५. न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
६. दरखास्त दस्तुरः १५०० ।– (नबिल बैंक लि. चल्ती खाता नं. २२१०१०१७५००२८८) मा जम्मा गर्नुपर्ने छ ।
७. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
८. सेवा सुविधाः नेपाल सरकारको नियम अनुसार ।
९. दरखास्त दिने अन्तिम मितिः २०८०/४/१२ (विद्यालय समय भित्र)
१०. सम्पर्क मितिः २०८०/४/१४
११. परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइने छ ।
१२. परीक्षाको किसिमः लिखित, मौखिक आवश्यक परेमा कक्षा अवलोकन ।

**१३. आवश्यक कागजातहरूः**

क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी २/२ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी– २ थान
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपी– २ थान
घ) शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपी– २ थान
ङ) अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी– २ थान
च) हस्त लिखित निवेदन– १ प्रति
छ) रकम जम्मा गरेको भौचर– १ प्रति

**नोटः–** शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार लिस्टमा भएका उम्मेद्वारलाई विज्ञापन भएको मितिले ७ (सात) दिन भित्रमा निवेदन पर्न आएमा योग्यता क्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनौट गरी नियुक्ति दिइनेछ ।

सम्पर्कः ९८५५०१६३७४ (प्र.अ.), ९८६०४७५६७५ (वि.व्य.स. अध्यक्ष)

श्री जालपादेवी माध्यमिक विद्यालय
मकवानपुरगढी–६, डुम्रेकुना



# हेटौंडा कृषि बजार

हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।

**सेवाहरू**



- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने ।

(**नोट**ः यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**










# हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# विपद् प्रभावित कृषकले पाए राहत

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारले देशमै पहिलोपटक कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रतिकूल असर पार्ने विपद्बाट प्रभावित किसानलाई राहत रकम प्रदान गरेको छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रमबमोजिम १ करोड ५७ लाख ७५ हजार रुपैयाँ राहत रकम कृषकलाई वितरण गरेको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताउनुभयो ।

राहत रकम वितरणका लागि मन्त्रालयले २०७९ मंसिर २३ गते सूचना निकालेर विपद्बाट प्रभावित किसानलाई निवेदन पेश गर्न आह्वान गरेको थियो । बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री राजेन्द्रमान श्रेष्ठको संयोजकत्वमा बनेको राहत व्यवस्थापन तथा निर्देशन समितिको विभिन्न मितिमा बसेको बैठकले ४१ जना किसानलाई १ करोड ५७ लाख ७५ हजार रुपैयाँ रकम वितरण गर्ने निर्णय गरेको थियो ।

हेटौँडा-११ स्थित एलिना बंगुर फार्मलाई ३ लाख ९० हजार रुपैयाँ र हेटौँडा-३ स्थित सिमलथली बाख्रा फार्मलाई १ लाख १३ हजार रुपैयाँ राहत रकम प्रदान गरिएको छ । यस्तै, हेटौँडा-६ की व्यवसायी कल्पना घिमिरेलाई १ लाख ३६ हजार रुपैयाँ, हेटौँडा-६ की अम्बिका खतिवडा, कृष्णप्रसाद दंगाल र पुष्पराज पराजुलीले जनही १० हजार रुपैयाँ राहत प्राप्त गरेका छन् । हेटौँडा-६ का कीर्तिमान श्रेष्ठले १७ हजार रुपैयाँ र हेटौँडा-१७ का प्रदिप थापा क्षेत्रीले ७५ हजार रुपैयाँ राहत रकम पाएका छन् । यस्तै, इन्द्रसरोवर गाउँपालिकास्थित एकीकृत बस्ताकोटी कृषि फार्मले ४५ हजार रुपैयाँ र हेटौँडा-६ स्थित अनुस्थ नर्सरी तथा व्यावसायिक तरकारी फार्मले ३० हजार रुपैयाँ राहत प्रदान गरिएको मन्त्रालयले जनाएको छ ।

यस्तै, काभ्रे जिल्लाको धुलिखेल-३ स्थित नोबेल कृषि फार्मले ५ लाख ७० हजार रुपैयाँ, चौरीदेउराली-३ स्थित हाम्रो माझीफेदा पशुपालन तथा कृषि फार्मले ३६ हजार रुपैयाँ, पनौती-९ स्थित दाजुभाइ एकीकृत बहुउद्देश्यीय कृषि फार्मले ३५ हजार रुपैयाँ राहत पाएको छ । पनौती-५ स्थित गैरीगाउँ कृषि तथा पशुपन्छी फार्मले ८ लाख २० हजार रुपैयाँ, पनौती-५ कै टिम भिजन एग्रिकल्चर फार्मले १० लाख रुपैयाँ, पनौती-१० स्थित श्रेष्ठ बंगुर फार्मले ९ लाख ६० हजार रुपैयाँ, सोही वडास्थित हाम्रो बंगुर फार्मले १० लाख रुपैयाँ र बनेपा-७ स्थित एसएस बंगुर, माछा तथा कृषि फार्मले १० लाख राहत रकम पाएको छ ।

चितवन जिल्लाको भरतपुर-६ स्थित पाथिभरा पशुपालन तथा दाना उत्पादन केन्द्र प्रालिले १० लाख रुपैयाँ, इच्छाकामना-७ स्थित गोपी पशुपन्छी फार्मले १० लाख रुपैयाँ, खैरहनी-४ स्थित गौशाला कृषि फार्मले ८ लाख ७० हजार रुपैयाँ र खैरहनी-१ स्थित न्यू कर्माचार्य एकीकृत फार्मले १० लाख रुपैयाँ राहत पाएको छ । चितवनकै इच्छाकामना-७ स्थित सिमलधाप कृषि व्यावसायिक फार्मले २ लाख रुपैयाँ, सोही वडाका व्यवसायी कुमार चेपाङले २ लाख रुपैयाँ, रत्ननगर-११ स्थित गुरुङ एकीकृत पशुपन्छी पालन तथा बंगुर फार्मले १ लाख ४० हजार रुपैयाँ, रत्ननगर-९ स्थित पौडेल एकीकृत पशुपन्छी, मत्स्य तथा कृषि फार्मले ६ लाख २० हजार रुपैयाँ, रत्ननगर-३ का सियाना महतोले १० हजार रुपैयाँ, राप्ती-६ स्थित सुकदेव धरेलले १० हजार रुपैयाँ, सोही वडाकी व्यवसायी सावित्रीकुमारी धरेलले ६ हजार रुपैयाँ र दण्डपाडी दनैले ११ हजार रुपैयाँ राहत पाएका छन् ।

नुवाकोट जिल्लाको ककनी-२ स्थित धादिङ कृषि फार्मले ३ लाख ८० हजार रुपैयाँ र शिवपुरी-८ स्थित एसआर बंगुर तथा पशुपछी फार्मले ७ लाख ३० हजार राहत रकम पाएको छ । भक्तपुर जिल्लाको सूर्यविनायक-७ स्थित पोकम कृषि बहुउद्देश्यीय प्रालिले १० लाख रुपैयाँ राहत पाएको छ । ललितपुर जिल्लाको गोदावरी-७ स्थित त्रियोगा एग्रिकल्चर प्रालि र महालक्ष्मी-८ स्थित सुनाखरी पशुपालन तथा अर्गानिक उत्पादक फार्म प्रालिले १०-१० लाख रुपैयाँ पाएको छ । धादिङ जिल्लाको निलकण्ठ-७ की व्यवसायी मंगली नेपालीले १० हजार रुपैयाँ र सोही वडाकै रामबहादुर रोक्काले ४० हजार राहत रकम पाएको छ ।

सिन्धुली जिल्लाको गोलञ्जोर-६ स्थित एसएस पशु तथा माछापालन केन्द्रले १ लाख ३० हजार रुपैयाँ राहत पाएको छ । दोलखा जिल्लाको भीमेश्वर-९ का व्यवसायी मानबहादुर तामाङले १ लाख १० हजार रुपैयाँ र काठमाडौंको चन्द्रागिरी नगरपालिका वडा नम्बर-२ का सन्देश महर्जनले २८ हजार रुपैयाँ राहत रकम प्राप्त गरेका छन् । मन्त्रालयको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रममा ५ करोड बजेट विनियोजन भएको छ । चालु आर्थिक वर्षमा राहत वितरण हुन नसकेको निवेदकलाई आगामी आर्थिक वर्षमा सम्बोधन गर्ने मन्त्रालयको योजना रहेको जनाइएको छ ।

## हेटौँडासहित पाँच...

दशमलब १ देखि २ दशमलब ४ जीपीए ल्याउने एक सय १७ जना विद्यार्थी छन् । यस्तै, १ दशमलब ६१ देखि २ जीपीए ल्याउने एक सय ८७ जना, १ दशमलब ६ जीपीए ल्याउने १५ जना र १ दशमलब ६ जीपीएभन्दा कम ल्याउने ५४ जना छन् । पालिकाभित्र रहेका ११ वटा सामुदायिक विद्यालयबाट ४ सय ९२ विद्यार्थीले एसईई परीक्षा दिएका थिए । यस्तै ९ जना विद्यार्थी अनुपस्थित भएका थिए ।

मकवानपुर जिल्लाको बकैया गाउँपालिकामा २ जना विद्यार्थीले ३.६ भन्दा बढी जीपीए ल्याएका छन् । ३.२१ देखि ३.६ सम्म जीपीए ल्याउने विद्यार्थी ११ जना, २.८१ देखि ३.२ जीपीए ल्याउने विद्यार्थी २० जना र २.४१ देखि २.८ जीपीए ल्याउने विद्यार्थी ४९ जना रहेका छन् । बकैयामा एक सय ३६ जना विद्यार्थीको जीपीए २.०१ देखि २.४ आएको छ भने एक सय ८० जनाको जीपीए १.६१ देखि २.० रहको छ । ५९ जना विद्यार्थीको जीपीए १.६ आएको छ भने ५२ जना विद्यार्थीले १.६ भन्दा कम जीपीए ल्याएका छन् । पालिकाभित्र रहेका ११ वटा सामुदायिक विद्यायलबाट ५ सय ९ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए ।

मकवानपुर जिल्लाको कैलाश गाउँपालिकाबाट ३.६ देखि ४.० जीपीए प्राप्त गर्ने विद्यार्थीको संख्या शून्य रहेको छ । ३.२ देखि ३.६ जीपीए प्राप्त गर्ने ३ जना, २.८ देखि ३.२ जीपीए प्राप्त गर्ने १२ जना, २.४ देखि २.८ जीपीए प्राप्त गर्ने २८ जना, २.० देखि २.४ जीपीए ल्याउने विद्यार्थी ६७ जना छन् । यस्तै, १.६ देखि २.० जीपीए ल्याउने ७४ जना र १.६ भन्दा कम जीपीए ल्याउने विद्यार्थी १३ जना छन् । सबैभन्दा बढी जीपीए कालिका माध्यमिक विद्यालयका एक विद्यार्थीले ३ दशमलव ४ जीपीए ल्याएका छन् । २ सय ८ जना विद्यार्थीले परीक्षा दिएका थिए भने ११ जना परीक्षामा अनुपस्थित भएका थिए ।

# तामाङ मृत फेला

समाज संवाददाता

हेटौँडाः नुवाकोट जिल्लाको सूर्यगढी गाउँपालिका-२ भीरकुनेमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सूर्यगढी गाउँपालिका-४ बेलडाँडा बस्ने ७० वर्षीय जितमान तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । तामाङ बुधबार साँझ ५ बजेको समयमा कच्ची सडकमा मृत्त अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

# जंगली च्याउ खाँदा शेर्पाको मृत्यु

समाज संवाददाता

हेटौँडाः दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका-६ चंखुमा जंगली च्याउ खाँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुने ३३ वर्षीया साम्लेकी शेर्पा रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शेर्पा गत शुक्रबार जंगली च्याउ खाँदा बिरामी भएकी थिईन् । बिरामी शेर्पालाई उपचारका लागि टिचिङ अस्पताल काठमाडौं लगिएकोमा थप उपचारका लागि मंगलबार नेपाल मेडिकल कलेज जोर पाटी लगिएको थियो । उपचारको क्रममा शेर्पाको बुधबार दिउँसो ४ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# भन्सार छलेर ल्याएको कपडा र खाद्यान्न बरामद

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले भन्सार छलेर ल्याएको ३ लाख ५७ हजार ८ सय ८९ रुपैयाँ बराबरको अवैध कपडा र खाद्यान्न बरामद गरेको छ । सोमबार र मंगलबार प्रहरी चौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौँडा-१५, रातोमाटेस्थित पूर्वपश्चिम राजमार्ग सडकखण्डमा विभिन्न सवारी साधनहरु रोकी सुरक्षाजाँच गर्ने क्रममा भन्सार छलेर ल्याएको पाइएपछि उक्त कपडा र खाद्यान्न बरामद गरेको हो ।

प्रहरीले यात्रुबाहक बसहरुको डिक्कीबाट भन्सार छलेर चोरी गरेर ल्याइएको उक्त कपडा तथा खाद्यान्न बरामद गरी आवश्यक कारबाहीका लागि बारा जिल्लास्थित राजश्व अनुसन्धान कार्यालय, पथलैया पठाएको जनाएको छ ।

हेटौँडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौँडा, मकवानपुर
बागमती प्रदेश

**राजश्व संकलन कार्य बन्द हुने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरु आर्थिक वर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्याङ्क अद्यावधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गतेदेखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरु तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरु बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्रहीहरुमा निर्देशनअनुसार जानकारी गराईन्छ । यसबाट सेवाग्राहीमा परेको असुविधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ ।

शाखा प्रमुख
राजश्व प्रशासन शाखा

हेटौँडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौँडा, मकवानपुर
बागमती प्रदेश

**सार्वजनिक सूचना**

यस उपमहानगरपालिका क्षेध भित्र संचालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको आ.व. २०७९०/०८० को कारोबार बिवरण सहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८०/०८१ को कारोबार सुचारु गर्नु पर्ने कानुनी प्रावधान रहेकोले मिति २०८० श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि उद्योगबाट नदीजन्य पदार्थको बिक्री बितरण कार्य गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि निर्देशनअनुसार यो सार्वजनिक सूचना जारी गरिएको छ ।

राजश्व प्रशासन शाखा
हेटौँडा उपमहानगरपालिका

**हार्दिक बधाई**



एसईई-२०७९ मा सम्मिलित हुँदै जीपीए ३.६ देखि ४ सम्म ९ जना, जीपीए ३.२ देखि ३.६ सम्म २२ जना, जीपीए २.८ देखि ३.२ सम्म ३२ जना, २.४ जीपीएसहित २.८ जीपीएसम्म ४८ जना, जीपीए २ देखि २.४ सम्म ४६ जना र जीपीए १.६ देखि २ सम्म २८ जनासहित सवै विद्यार्थी कक्षा ११ अध्ययन गर्न सक्षम भएकोमा हार्दिक बधाईसहित आगामी समय निरन्तर शैक्षिक उन्नयनका लागि शुभकामना व्यक्त गर्दछौं । यस किसिमको उत्कृष्ट नतीजा हासिल गर्न विद्यार्थीका सहयोगी सम्पूर्ण शिक्षकलाई पनि बधाई ज्ञापन गर्दछौं ।

प्रधानाध्यापक
**एवम् सिद्धार्थ मावि परिवार**
हेटौँडा-२, मकवानपुर

**सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज; अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट**

**प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट**




शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

शैक्षिक सत्र २०८० को लागि कक्षा-११ मा नयाँ भर्ना खुल्यो

**श्री बालबोध माध्यमिक विद्यालय**
हेटौँडा-१७, हटिया, मकवानपुर



हाम्रो विशेषताहरू
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराइने ।
- हरेक कक्षामा अत्याधुनिक सुविधा सहित ल्यापटप तथा प्रोजेक्टरको माध्यमबाट पढाइ हुने ।
- अत्याधुनिक पुस्तकालयको व्यवस्था भएको
- अतिरिक्त सिकाइको लागि Math Lab, Science Lab, Computer Lab, E-Library को व्यवस्था भएको ।
- सुविधा सम्पन्न भवन, यातायातको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्था भएको
- विगत १० वर्षदेखि जिल्लामै लगातार उत्कृष्ट नतिजा ल्याई पुरस्कृत भई जिल्लामै छुट्टै पहिचान बनाउन सफल ।

नयाँ विद्यार्थी भर्ना/रजिस्ट्रेशन :
२०८० असार २५ गते देखि

SUBJECTS OFFERED
- Account
- Business Studies
- Economics
- Child Development & Learning
- Education & Development
- Major Nepali/English

कक्षा संचालन:
२०८० श्रावण २ गते देखि

9855011570
9802511570

Email : balbodhschool2008@gmail.com

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ